# संघीय संसद
# प्रतिनिधि सभा
## अर्थ समिति

मिति: २०८०/०३/०५
बैठक संख्या: ०५
समय: बिहान ०८:०० बजे

समितिको मिति २०८०/०२/२९ को निर्णयानुसार नेपाल धितोपत्र बोर्डका अध्यक्षले धितोपत्र दलाल तथा धितोपत्र व्यापारीको अनुमति प्रदान गरिएको सम्बन्धमा जानकारी दिनु भयो र सो सम्बन्धमा समितिमा बृहत छलफल भयो। पूँजी बजार र मुद्रा बजार सम्बन्धी अध्ययन प्रतिवेदन,२०७७, आम लगानीकर्ताहरुको लामो समयदेखिको माग, धितोपत्र बोर्डको मनाशय र समितिका सदस्यको आशय समेत नीतिगत रुपमा खुला प्रवेश र बहिर्गमन कै पक्षमा एकमत रहेको आजको छलफलबाट स्पष्ट भएको छ। प्रक्रियागत विषयमा कार्यकारी र नियमनकारी निकायले ध्यान पुर्याउनुपर्ने हुन्छ । प्रक्रिया पुगे नपुगेको र यसमा अवाञ्छित गतिविधि वा लेनदेन भएको विषयमा छानबिन र अभियोजन गर्ने छुट्टै संवैधानिक निकाय भएको अवस्थामा समितिले यो प्रक्रियालाई लामो समयसम्म स्थगन गरिरहन उपयुक्त र आवश्यक रहँदैन। तसर्थ यस सन्दर्भमा समितिको आज बसेको बैठकमा समितिका माननीय सदस्यहरु बीच छलफल भई देहायबमोजिमको निर्णय भयो :-

१. समितिको मिति २०८० जेठ २९ गतेको निर्णयबाट स्थगन गरिएको धितोपत्र दलाल तथा धितोपत्र व्यापारी इजाजत प्रक्रिया सुचारु गर्न अर्थ मन्त्रालय मार्फत नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिने।

२. धितोपत्र दलाल र धितोपत्र व्यापारीलाई अनुमतिपत्र दिंदा मापदण्ड पुगेको विषयमा अनुमतिपत्र दिने निकाय सतर्क हुन अर्थ मन्त्रालय मार्फत नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिने।

.................................
रेखा उपाध्याय खनाल
समित सचिव

.................................
सन्तोष चालिसे
सभापति/ज्येष्ठ सदस्य